# कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र

**पृष्ठभूमि**

नेपालको संविधानको धारा ३०२ (१) मा प्रदेश र स्थानीय तहमा सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्ने उल्लेख गरेको परिप्रेक्ष्य तथा कर्मचारी समायोजन ऐन २०७४ दफा ४ (१,२) मा संगठन तथा व्यवस्थाप सर्भेक्षण समिति गठन गर्ने व्यवस्था अनुरुप समिति गठन भई संविधानका अनुसूची ५,६,७,८ तथा ९ मा उल्लेख अधिकार सूचीको कार्यजिम्मेवारी विस्तृतीकरण गरी प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तरगत कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रको संगठन संरचना २०७५/३/२६ मा नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत भएको हो । प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय अन्तरगत रहने गरी स्थापित कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रको कार्यविवरण सम्बन्धमा प्रदेश सरकारको सोच, नीति तथा कार्यक्रम एवं औचित्यताको आधारमा कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रको कार्यविवरण देहाय बमोजिम हुन वाञ्छनिय देखिएको छ ।

**कार्यविवरण**

- तालिम तथा क्षमता विकासका क्षेत्रमा प्रदेश सरकारको कार्यान्वयन इकाईको रुपमा कार्य गर्ने ।
- प्रदेशस्तरका कृषि उद्यमी तथा व्यवसायीहरुको रोष्टर तयार तथा अद्यावधिक गर्ने ।
- कृषि उद्यमी तथा व्यवसायीहरुलाई व्यवसाय संचालनका लागि आवश्यक ज्ञान तथा सीप प्रदान गर्न तालिम आवश्यकता पहिचान गरी सो अनुरुप तालिम कार्यक्रम संचालन गर्ने ।
- तालिमको आवश्यकत्ता पहिचान, प्रभावकारिता र अनुशरण सम्बन्धि अध्ययन अनुसन्धान गर्ने ।
- सम्भाव्यताका आधारमा फार्म केन्द्रहरुमा सीपमूलक आवासिय व्यवहारिक तालिमहरु संचालन गर्ने ।
- कृषि उद्यमी तथा व्यवसायीहरुलाई व्यवसाय संचालनका लागि आवश्यक पूर्वाधार तथा सुविधाको पहिचान गरी आवश्यक कार्यक्रम संचालन गर्न सहयोग गर्ने ।
- कृषि उद्यमी तथा व्यवसायीहरुलाई व्यवसाय संचालनका लागि आवश्यक व्यवसायिक योजना तयारीमा सहयोग गर्ने ।
- कृषि उद्यमी तथा व्यवसायीहरुलाई व्यवसाय संचालनमा आवश्यक सेवा सुविधा प्रासिका लागि सम्वन्धित निकायहरुसंग समन्वय गर्ने गराउने ।
- विभिन्न कृषि उद्यम तथा व्यवसाय संचालनका लागि आधारभूत जानकारीहरु प्रदान गर्ने ।
- कृषि व्यवसाय तथा उद्यम गर्न चाहने युवा कृषकहरुलाई उद्यम तथा व्यवसाय संचालनमा आवश्यक सहजीकरण गर्ने ।
- तोकिएको शुल्क लिएर अन्य निकायवाट माग भए बमोजिम कृषि उद्यम तथा व्यवसाय संचालन एवं प्रवर्द्धन सम्वन्धी तालिमहरु संचालनको व्यवस्था गर्ने ।
- कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रको परिषरलाई आधुनिक कृषि प्रविधि प्रदर्शन स्थलको रुपमा विकास गर्दै केन्द्रलाई प्रविधि सिकाई केन्द्रको रुपमा परिणत गर्ने ।
- स्थानीय तह तथा प्रदेशस्तरमा कार्यरत कृषि प्राविधिकहरुको क्षमता अभिबृद्धि तथा बृत्ति विकास सम्बन्धी तालिमहरु संचालन गर्ने साथै कृषि क्षेत्रमा कार्यरत संघ, संस्थाका कृषि प्राविधिकहरुको मागका आधारमा क्षमता अभिवृद्धि तालिम संचालन गर्ने ।



सचिव

Scanned by CamScanner